नेपाल कपडा उद्योग संघको
प्रेस-नोट

मानीसलाई जन्मने बितिकै चाहिने टालो देखि मृत्यु पश्चात आवश्यक पर्ने कात्रो सम्मलाई कपडा भनेर बुझ्नु पर्ने हुन्छ ।

<u>सामान्यतया हामीले कपडा ३ प्रकारले वर्गीकरण गर्न सक्छौं ।</u>

१. पहिरन : दौरा सुरूवाल, सारी चोलो, सर्ट पाइन्ट, धोती, लुंगी, ब्याकेट, टयाक सुट, गंजी जागीया आदी ।
२. घरायसी कपडा : तन्ना, पर्दा, तौलिया, सोफा तथा सिरक डसनाको पल्ला एवं खोल आदी ।
३. औद्योगीक कपडा : ब्याग तथा सुटकेस, जुत्ता तथा फर्निचरमा प्रयोग हुने कपडा आदी ।

<u>छिमेकी देशहरूमा कपडा उद्योगको अवस्था र ब्यवस्था</u>

- भारत, पाकीस्तान, श्रीलंका, बंगलादेश लगायत विश्वका प्राय मुलुकमा अलग्गै कपडा उद्योग मंन्त्रालय वा कपडा उद्योग बोर्डले कपडा उद्योगका समस्या समाधान गर्ने, उद्योगको विकाश तथा प्रतिस्पर्धी क्षमताको अभिबृद्धी गर्ने काम गरिरहेका छन ।
- नयाँ प्रविधि भित्र्याउँदा लगानीमा ३० देखि ४५ प्रतिशतसम्म अनुदानको ब्यवस्था रहेको ।
- कपडा उद्योगहरूले लिएको कर्जामा ब्याज छुटको ब्यवस्था रहेको ।
- कपडा उद्योगहरूले उपयोग गरे बापतको विद्युत महशुलमा छुटको ब्यवस्था रहेको ।
- भारतमा कपडामा ५ प्रतिशत मात्र अप्रत्यक्ष कर GST रहेको ।
- कपडा तथा गार्मेन्ट निकासी गर्दा नगद प्रोत्साहन अनुदानको ब्यवस्था भारत, चिन, बंगलादेश लगाएतका देशमा रहेको ।
- कपडा उद्योगले रोजगारी श्रृजना गरेको कारणले केहि देशमा श्रमिकको ज्याला भुक्तानीमा अनुदानको ब्यवस्था रहेको ।
- भारतमा कपडा तथा कपडाजन्य वस्तुको देशको कुल ग्राहस्थ उत्पादनमा २.३० प्रतिशत योगदान रहेको त्यसैगरि निकासीमा १२ प्रतिशत तथा ४.५० करोडलाई रोजगारी प्रदान गरिरहेको अवस्था छ ।

<u>नेपाली कपडा उद्योगको अवस्था</u>

- साना ठुला गरि २५० कपडा उद्योग चालु रहेको ।
- प्रत्यक्ष रोजगारी ५० हजार रहेको ।
- २०७१ पछि नेपाली कपडा उद्योगमा थप १.५ अर्व लगानी थप भई नयाँ प्रविधि भित्रिएको ।
- आ.ब. २०७५/०७६ बाट कपडा उद्योगहरू निरन्तर ओरालो लागीरहेको अवस्था ।

<u>नेपाली कपडा उद्योगको समस्याहरू</u>

- छिमेकी मुलुकसंगको खुल्ला सिमानाका कारण विभिन्न प्रकारले कपडाको चोरी पैठारी सहज रहेको ।
- भारत लगाएत तेश्रो मुलुकबाट पैठारी भई आउने कपडा, गार्मेन्ट तथा कपडाजन्य वस्तुहरूको न्युन विजिकिकरण भई आउने गरेको ।

Created by Universal Document Converter

- सिमावर्ती भारतीय बजारमा नेपाली ग्राहक लक्षित गरेर खोलिएका कपडा पसलहरूमा नेपाली ग्राहकको सहज पहुच हुनाले अत्याधिक खरिद गरिएको कपडामा सरकारलाई कुनै प्रकारको राजश्व प्राप्त नहुने ।
- हामीले तुलना गर्ने भारतीय उद्योगसंग भएकोले त्यहा बैंक ब्याज, विद्युत महशुल तथा लगानीमा अनुदान लगायत टेक्सटाईल पार्कको स्थापना गरिएकोले क्षमता विकाश संगै लागत कम पर्न जान्छ ।
- भारतमा कपडामा ५ प्रतिशत मात्र अप्रत्यक्ष कर GST रहेकोले अबैधानिक बाटोबाट चोरीपैठारी भइ आएका कपडा संग नेपाली कपडाहरूले मुल्यमा प्रतिस्पर्धा गर्न समस्या रहेको ।
- कपडामा भंसार आयात महशुल १५ % रहेता पनि साफ्टा अन्तरगत विभिन्न हारमोनिक कोडमा कपडाहरू ५ देखि ६ प्रतिशतमा आयात हुने तथा भंसार र मुअकर छुट रहेका विभिन्न हारमोनिक कोडमा अन्य हारमोनिक कोडका कपडाहरू पनी भंसार जाँच पास हुने गरेकोले प्रत्यक्ष असर नेपाली कपडा उद्योगलाई पर्न गएको छ ।
- नेपालका कपडा उद्योगहरूको क्षमता र प्रविधि विकासका लागी लगानी आवश्यक हुने सो अवस्था हाल नेपालका कपडा उद्योगहरको नरहेकोले लागत नघटने ।

नेपालमा कपडा तथा कपडाजन्यवस्तुहरूको खपत र आपुर्तीको स्थिती :

नेपालमा के कती कपडाको माग वा खपत छ भन्ने यकिन तथ्याकं कहिँ कतै नभएकोले हामीले छिमेकी मुलुकहरूका माग र खपत को हिसाब तथा हाम्रो आफनै अध्ययन अनुसार निम्नानुसारको तथ्यांक प्रस्तुत गरेका छौं ।

कपडाजन्यवस्तुहरूको खपत विवरण

- प्रति बर्ष प्रति ब्यक्ती कपडाजन्य वस्तुहरूको खपत रू.२०,०००।०० रहेकोले जम्मा बार्षिक खपत रू. ६०,०००।०० करोड हुन्छ । यो खपतमा पहिरन, औद्योगीक, घरायसी, कार्यालय, सरकारी तथा जंगी लगायत पर्दछन ।

कपडाजन्यवस्तुहरूको आपुर्तीको विवरण

सि.नं.	विवरण	रकम (करोडमा)
१	कपडाजन्य वस्तुहरूको जम्मा आयात (आसिकुडा २०७५।७६)	५,१७७।००
२	उपरोक्त वस्तुहरूको भंसार महशुल र मुअकर	१,६३९।००
३	आयातकर्ता/थोक विक्रेता/खुदरा विक्रेता को मुनाफा	२,६२७।००
४	स्वदेशी कपडा तथा कपडाजन्य वस्तुको उत्पादन	१,०००।००
	जम्मा वैधानिक आपुर्ती रू.	१०४४३।००
५	प्रति बर्ष प्रति ब्यक्ती कपडाजन्य वस्तुहरूको खपत रू.२०,०००।०० रहेकोले जम्मा बार्षिक खपत रू. ६०,०००।०० करोड हुन्छ । यो खपतमा पहिरन, औद्योगीक, घरायसी, कार्यालय, सरकारी तथा जंगी लगायत पर्दछन । जम्मा खपत रू.	६०,०००।००
६	**सिमावर्ती भारतीय बजारबाट ब्यक्तिगत तवरले खरिद भई आउने, न्यून विजिकिकरण तथा चोरी पैठारी भई आउने कपडाजन्य वस्तुहरू हुन आउने रू.**	४९५५७।००

राजश्व तथा अवसर:

- हाल राज्यले १२०१ करोड अप्रत्यक्ष कर (मुअकर) प्राप्त गरिरहेकोमा राज्यको नीति कपडा उद्योग मैत्री भएमा ६९०२ करोड प्राप्त हुने साथै आयकर तर्फ सोहि मुताविक प्रभाव पर्ने ।
- धागो निकासीमा असहज हुदै गएकोले नेपालका धागो उद्योगहरू आत्मनिर्भर हुने ।
- कृषी अन्तरगत कपास र रेसम खेतीको प्रवल संभावना ।
- आयात प्रतिस्थापन भई विदेशी मुद्राको बचत हुने ।

Created by Universal Document Converter

- खेर जान लागेको अवस्था रहेको विद्युत खपत भई राज्यलाई दोहोरो फाइदा ।
- न्यून विजिकिकरण तथा चोरी पैठारी रोकिन गई विदेशि मुद्राको अपचलन रोकिने ।

मुल्य अभिबृद्धि :
कपडा तथा कपडाजन्य बस्तु भन्नाले धागो देखि तयारी लुगासम्म (गार्मेन्ट) हुने र नेपालमा अत्याधिक मात्रामा कपडा उद्योगहरूले नेपाली धागो उद्योगसंग कच्चापदार्थ धागो खरिद गर्ने हुनाले धागोको फाइबर देखि गार्मेन्टसम्ममा ५०० प्रतिशत भन्दा पनि बढी मुल्य अभिबृद्धी हुने एक मात्र क्षेत्र कपडाजन्य वस्तु हो ।

समस्या समाधानका उपायहरू

- कपडा तथा कपडाजन्य वस्तुहरूको मुअकर दर छिमेकी मुलुक भारत सरह ५% गर्नु पर्ने वा यसो गर्न नमिल्ने भएमा बिसौं बर्ष देखि नेपाली कपडा उद्योगहरूलाई दिईदै आएको मुअकर समायोजनको सुविधा दिनु पर्ने । यसले गर्दा कपडा तथा कपडाजन्य वस्तुहरूको व्यापार बैधानिक भई सरकार लाई राजश्व प्राप्त हुने ।
- कपडाको कच्चा पदार्थको दर भन्दा पनि घटी मुल्यमा कपडा तथा कपडाजन्य तयारी वस्तुहरू आयात भइरहेको हुँदा भंसार महशुल यथार्थपरक मुल्यमा मुल्यांकन गरि भंसार महशुल र मुअकर लाग्ने व्यवस्था हुनुपर्ने ।
- भंसार शिर्षक ६२११४२०० मा रहेका सुती सारी, सुती धोती र सुती लुगींको भंसार दर र मुअकर अन्य कपडा सरह गनुपर्ने ।
- कपडा उद्योगहरूलाई उपलब्ध गराउने बैक कर्जा सहुलियत पुर्ण ऋण कर्जाको श्रेणीमा समावेश हुनुपर्ने, नयाँ कर्जा सिमा ५ करोडमा मात्र ब्याज छुटको सिमा रहेकोले नयाँ कर्जामा सिमा हटाउनु पर्ने ।
- विद्युत महशुलमा दिई आएको ५०% अनुदानलाई निरन्तरता दिनु पर्ने ।
- भंसार महशुलमा आर्थिक ऐन २०७६ को व्यवस्थालाई निरन्तरता दिनु पर्ने ।
- कपडा तथा कपडाजन्य वस्तुको उत्पादन र विक्रि वितरणमा अनिवार्य मुअकरमा दर्ता हुने व्यवस्था हुनुपर्ने । यसबाट अबैध रूपमा हुने व्यापार निरूत्साहित भई बैधानिक व्यापार बाट राजश्व बृद्धि हुने ।
- टेक्सटायल पार्क निर्माण हुनुपर्ने ।

- **कपडा उद्योगको विकाशका लागी विभिन्न किसिमको अध्ययन, अनुसंधान र पुर्वाधार निर्माण, नितिगत नियम कानुन अध्ययनका लागी टेक्सटायल बोर्ड गठन हुनुपर्ने ।**

कपडा उद्योगको विकास भएमा

- आयात प्रतिस्थापन भई विदेशी मुद्राको बचत हुने ।
- रोजगारीमुलक उद्योग भएकोले आगामी ५ बर्षमा थप ५००,००० अतिरिक्त रोजगारी श्रृजना हुने ।
- वैधानिक व्यापार व्यवसाय तर्फ उन्मुख भई राजश्वमा गुणात्मक बृद्धि हुने ।
- प्रत्यक्ष सरोकारका उद्योगहरू: धागो, प्याकेजिगं, ढुवानी, गार्मेन्ट उद्योगहरूको विकास र विस्तार भई थप रोजगारी श्रृजना हुने ।
- न्यून विजिकीकरण र चोरी पैठारी नहूने तथा उपभोक्ताले सोझै सिमावर्ती भारतीय बजारबाट खरिद गर्न नियन्त्रण हुने हुँदा राजश्वको दायरा फराकिलो मात्र नभई विदेशी मुद्रा अपचलन नहुने ।
- नेपालमा विद्युत खपत भन्दा उत्पादन बढी भई खेर जान लागेको अवस्था रहेकोले कपडा तथा कपडाजन्य उद्योगको विकासले विद्युत खपत भई राज्यलाई दोहोरो फाइदा हुने निश्चित छ ।
- कपडा तथा कपडाजन्य उद्योगको विकासले सुती कपडा उद्योगको विकास तथा विस्तार भई कपास खेती प्रर्वधन भई कृषी क्षेत्रमा बहुआयामीक प्रभाव पर्ने ।

Created by Universal Document Converter

अन्त्यमा,

- अत्याधिक रोजगारी श्रृजना गर्ने र अत्याधिक मुल्य अभिबृद्धि रहेको कपडाजन्य उद्योगको राज्यले संरक्षण गर्नु पर्ने होईन र ?
- छिमेकी मुलुक चिन र भारतमा राज्यले कपडाजन्य उद्योगलाई अत्याधिक संरक्षण दिई क्षमता र प्रविधिको विकास भईसकेकोमा नेपाली कपडाजन्य उद्योगको क्षमता र प्रविधि विकास नभएकोले नेपाली कपडा उद्योगले चिन र भारत संग प्रतिस्पर्धा गर्ने हिम्मत राख्न सक्छन त ?
- हाल राज्यले १२०१ करोड अप्रत्यक्ष कर (मुअकर) प्राप्त गरिरहेको तर सिमावर्ती बजारबाट उपभोक्ताले गरेको खरिद, चोरी पैठारी तथा न्यून विजिकिकरणका कारण हुने अप्रत्यक्ष कर ५७०१ करोड र सो को प्रत्यक्ष कर चुहावट लाई नियमन नियन्त्रण गर्न नसकेकोले सो को भार रूग्ण तथा आक्रान्त रहेका नेपाली कपडा उद्योगले ब्यहोर्नु पर्ने हो ?
- यी सबै कारणले राज्यको नीति नेपाली कपडा उद्योग मैत्री नभई सिमापारीका बजार, चोरी पैठारी तथा न्यून विजिकिकरणलाई प्रश्रय दिने खालको रहेको भनि किन नबुझ्ने हामीले ?

वर्तमान विश्वव्यापी कोरोना (COVID-19) महामारीले पर्यटन उद्योग पछि सबैभन्दा बढी असर रोजगारी मुलक उद्योग भएकोले कपडा उद्योगहरूलाई नै परेको छ, उत्पादनमुलक उद्योगहरू मध्ये सबैभन्दा ज्यादा लागत कर्मचारी मजदुरको तलब ज्यालामा लाग्ने गरेको छ ।

Created by Universal Document Converter